## सेवा करारमा कर्मचारी लिने सम्बन्धी दरखास्त आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०९/५)

ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्डको लागि देहायको सङ्ख्या र योग्यता भएका कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा दरखास्त फारमका साथै तोकिएको दस्तुर बुझाएको रसिद र आवश्यक कागजात सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त आवेदन फारम र पाठ्यक्रम ज्वालामूखी गाउँपालिका वा गाउँपालिकाको वेवसाइट www.jwalamukhimun.gov.np बाट प्राप्त गर्न सकिने छ । आवश्यक प्रकृया र कागजात पुरा गरी इमेल jwalamukhi.rwashmb@gmail.com मा पनि दरखास्त पेश गर्न सकिनेछ ।

| क.स | विज्ञापन नम्बर | समूह | पद/ तह | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | १२-०७९/८० | प्रशासन | प्रवन्धक अधिकृत(छैठौं) | १ (एक) जना | मान्यता प्राप्त शैक्षिक संस्था बाट व्यवस्थापन,बाणिज्य शास्त्र, मानविकी, शिक्षा वा सिभिल इन्जिीनियरिङ संकायमा स्नातक तह उत्तीर्ण गरि सम्वन्धित विषयमा कम्तिमा २ बर्षको अनुभव भएको । |
| २. | १३-०७९/८० | सिभिल | सव ईन्जिनियर (पाँचौं) | १ (एक) जना | सिभिल इन्जिनियरिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । सम्बन्धित विषयमा कम्तिमा २ बर्षको अनुभव भएको । |
| ३. | १४-०७९/८० | प्रशासन | लेखा सहायक (चौथो) | १ (एक) जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । सम्बन्धित विषयमा कम्तिमा २ बर्षको अनुभव भएको । |
| ४. | १५-०७९/८० | | मिटर रिडर (श्रेणी विहिन) | १ (एक) जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस. ई. ई. वा सो सरह उत्तीर्ण गरि सम्बन्धित क्षेत्रमा कम्तिमा १ बर्षको कार्य अनुभव भएको |

**१. दरखास्त दिने अन्तिम मितिः** २०७९।०९।१९ गते कार्यालय समय भित्र (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन)

**२. उमेरः** विज्ञापन नं. १२ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, अन्यको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । महिला, दलित, आदिवासी जनजाति, पिछडिएको तथा सीमान्तकृत बर्गका उम्मेदवारहरुलाई बिशेष प्राथमिकता दिइनेछ ।

**३. दरखास्त दिने स्थानः** ज्वालामूखी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, साधभञ्याङ, धादिङ ।

**४. छनोट बिधिः** प्रारम्भिक योग्यताक्रमको सूचीवाट छनौट भएका उम्मेदवार मध्ये लिखित, कम्प्यूटर सीप परिक्षण र अन्तरवार्ता (सम्वन्धित पाठ्यक्रममा उल्लेख भए बमोजिम) हुनेछ।

**५. आवेदन दस्तुरः** विज्ञापन नं. १२ को लागि रु. १०००/- (एक हजार ), विज्ञापन नं. १३ को लागि रु. ७००/-(सात सय), विज्ञापन नं. १४ को लागि रु. ५००/-(पाँच सय) र विज्ञापन नं. १५ को लागि रु. ३००/-(तीन सय)

**६.आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भए सो को प्रमाणपत्र प्रतिलिपि, प्रचलित नेपाल कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि, कार्यानुभवको प्रमाणपत्र कागजातहरु, तालिम प्राप्तको प्रमाणपत्र, पासपोर्ट साईजको ३ प्रति फोटो, र मेगा बैंक शाखा कार्यालय साँधभञ्ज्याङमा रहेको गाउँपालिकाको **ज्वालामूखी आन्तरिक राजस्व खाता ग-१-१ (०९३००१००३३७०८)** मा रकम जम्मा गरेको भौचर ।

**७. सेवा सुविधाः** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**८. करार अवधिः** सफल उमेदवारहरुलाई सुरुमा ३ (तीन) महिनाको करार नियुक्ति दिईने छ र कार्य सम्पादन मूल्याङ्कनको आधारमा सेवा अवधि थप गर्न सकिनेछ ।

**९. परिक्षा मितिः** कार्यालयको वेवसाईटमा पछि प्रकाशन गरिनेछ ।

**नोटः** छनौट सम्वन्धी सम्पूर्ण अधिकार पदपूर्ति समितिमा निहित रहनेछ । साथै आवेदनको ढाँचा लगायत अन्य जानकारी गाउँपालिकाको वेवसाइट **www.jwalamukhimun.gov.np** मा उपलव्ध छ ।

पदपूर्ति समिति